# नेपाल पर्यटन बोर्ड
## (पदपूर्ति समितिको सचिवालय)
### आन्तरिक तथा खुल्ला पदपूर्तिको सूचना

(प्रथम पटक प्रकाशित मिति : २०७३/१०/१०)          सूचना नं. ०२।०७३-७४

यस बोर्डमा रिक्त भई पदपूर्ति हुन बाँकी रहेका तपसिल बमोजिमका पदहरु नेपाल पर्यटन बोर्ड कर्मचारी सेवा विनियमावली, २०६४ (दशौं संशोधन सहित) को विनियम ५ बमोजिम जेष्ठता र कार्य सम्पादन मूल्याङ्कन, आन्तरिक प्रतियोगितात्मक तथा खुल्ला प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्तिका लागि लोक सेवा आयोगबाट सहमति प्राप्त भएकोले योग्य नेपाली नागरिकहरुले निर्धारित दरखास्त फाराममा उल्लेखित विवरण खुलाई पदपूर्ति समितिको सचिवालयमा दरखास्त बुझाउन आह्वान गरिएको छ ।

दरखास्त फारामहरु बोर्डको www.trade.welcomenepal.com बाट डाउनलोड गर्न सकिनेछ । म्याद नाघी प्राप्त हुन आएको दरखास्त उपर कुनै कार्यवाही हुने छैन ।/

**दरखास्त आह्वान गरिएका पदहरु**

| सि. नं. | पद | माग विवरण : पदपूर्ति किसिम/संख्या | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | समावेशी | | | | |
| | | बढुवा (जेष्ठता र कार्य सम्पादन मूल्याङ्कन) विज्ञापन न. १ /०७३-७४ | आन्तरिक प्रतियोगितात्मक परीक्षा विज्ञापन न. २/०७३-७४ | खुल्ला प्रतियोगिता विज्ञापन न. ३ /०७३-७४ | महिला विज्ञापन न. ४ /०७३-७४ | अदिवासी/जनजाती विज्ञापन न. ५ /०७३-७४ | मधेसी विज्ञापन न. ६ /०७३-७४ | दलित विज्ञापन न. ७ /०७३-७४ | अपांग विज्ञापन न. ८ /०७३-७४ |
| १ | प्रबन्धक | ८ | २ | – | – | – | – | – | – |
| २ | अधिकृत | – | – | १४ | ४ | ३ | २ | १ | १ |

**आवश्यक न्यूनतम शैक्षिक योग्यता र अनुभव** :

(क) प्रबन्धक पदको जेष्ठता र कार्य सम्पादन मूल्याङ्कन बढुवा तथा आन्तरिक प्रतियोगिताका लागि नेपाल पर्यटन बोर्ड कर्मचारी सेवा विनियमावली, २०६४ (दशौं संशोधन सहित) मा तोकिए बमोजिमको शैक्षिक योग्यता र अनुभव ।

(ख) अधिकृत पदमा नेपाल सरकारबाट मान्यता प्राप्त विश्वविद्यालय वा सो विश्वविद्यालयबाट मान्यता प्राप्त अन्य शिक्षण संस्थाबाट स्नातकोत्तर स्तर वा सो सरहको परीक्षा उत्तिर्ण गरेको हुनुपर्नेछ ।

**कार्य प्रकृति** : नेपाल पर्यटन बोर्ड कर्मचारी सेवा विनियमावली, २०६४ (दशौं संशोधन सहित) मा तोकिए बमोजिमका कार्यहरु

**उमेरको हद** : अधिकृत पदका लागि २१ वर्ष उमेर पुरा भएको र ३५ वर्ष ननाघेको (महिलाको हकमा ४० वर्ष)

**परीक्षाको किसिम :**

(क) प्रबन्धक पदको आन्तरिक प्रतियोगिताको लागि लिखित परीक्षा, प्रस्तुतीकरण र अन्तरवार्ता

(ख) अधिकृत पदको खुल्ला प्रतियोगिताको लागि लिखित परीक्षा, सीप परीक्षण, सामूहिक छलफल र अन्तरवार्ता

**परीक्षा दस्तुर** : रु. १,०००।- (रु. एक हजार मात्र), समावेशी प्रति समूह थप रु. ५००।- (रु. पाँच सय मात्र) । नेपाल इन्भेष्टमेन्ट बैंकमा रहेको नेपाल पर्यटन बोर्डको चल्ती खाता नं. ००१०१०१००३०२१८ मा उल्लेखित रकम बुझाई सोको सक्कल भौचर दरखास्त फारामका साथ पेश गर्नुपर्नेछ ।

**दरखास्त दिने अन्तिम मिति** :

(क) प्रबन्धक पदको जेष्ठता र कार्य सम्पादन मूल्याङ्कनद्वारा गरिने बढुवाको लागि यो सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र दरखास्त फाराम बुझाउनु पर्नेछ ।

(ख) अधिकृत पदको खुल्ला प्रतियोगिता र प्रबन्धक पदको आन्तरिक प्रतियोगितात्मक परीक्षाको लागि यो सूचना प्रकाशित भएको मितिले २१ दिनभित्र । साथै दोब्बर दस्तुर तिरी थप ७ दिनसम्म दरखास्त फाराम बुझाउन सकिनेछ तर २१ दिनको म्यादपछि प्राप्त हुने शैक्षिक योग्यता, तालिम र सेवा अवधि गणना गरिने छैन ।

**अधिकृत पदको समावेशी तर्फ दरखास्त दिंदा उम्मेदवारहरुले पेश गर्नुपर्ने थप कागजातहरु :**

(क) आदिवासी/जनजातिका हकमा नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएको जाति भित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराएको कागजात ।

(ख) मधेसीका हकमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिमको संस्थाबाट मधेसी भनी प्रमाणित गरेको कागजात, तर नेपाल राजपत्रमा सूचना प्रकाशन गरी संस्था नतोकेसम्म सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट मधेसी भनी प्रमाणित गराएको कागजात ।

(ग) दलितका हकमा राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर, राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको जाति भित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराएको कागजात ।

(घ) अपाङ्गका हकमा स्वीकृत चिकित्सकको सिफारिशमा समाज कल्याण परिषद्बाट अपाङ्गता प्रमाणित गरेको परिचयपत्र ।

**नेपाल पर्यटन बोर्ड**
**भृकुटीमण्डप, काठमाण्डौं**
**फोन नं. ०१-४२५६९०९**